# जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड
## प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि, २०७९

जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृत खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी नियुक्तिका लागि कम्पनीको नियमावलीको नियम ३६ को उपनियम (१) को प्रयोजनको लागि सञ्चालक समितिले देहायको कार्यविधि निर्धारण गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडको प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्वन्धी कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कम्पनी" भन्नाले जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड सम्झनु पर्छ ।

(ख) "छनौट समिति" भन्नाले कम्पनीको प्रमुख कार्यकारी अधिकृत नियुक्तिका लागि यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको छनौट समिति संम्झनु पर्छ ।

(ग) "नियमावली" भन्नाले जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडको नियमावली, २०७४ ( संशोधन सहित ) सम्झनु पर्छ ।

(घ) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले कम्पनीको नियमावलीको नियम ३६ को उपनियम ( १) बमोजिम नियुक्त प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले कम्पनीको नियमावलीको नियम २७ बमोजिम गठन भएको कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ ।

३. **छनौट समितिको गठनः** (१) यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति लागि देहायको छनौट समिति गठन हुनेछः

(क) सञ्चालक समितिको अध्यक्ष - संयोजक

(ख) सञ्चालक समितिले तोकेको सञ्चालक समितिका एक जना सञ्चालक - सदस्य

(ग) ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयका एक जना प्रतिनिधी - सदस्य

(घ) सञ्चालक समितिले तोकेको सम्बन्धित क्षेत्रको बिज्ञ - सदस्य

(२) छनौट समितिको सचिवालयको काम कम्पनी सचिवले गर्नेछ ।

४. **दरखास्त आह्वान गर्नु पर्नेः** (१) कम्पनीमा रिक्त प्रमुख कार्यकारी अधिकृतको पदपूर्तिका लागि छनौट समितिले कुनै एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा १५ दिनको म्याद दिई दरखास्त आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधि भित्र ३ वटा भन्दा कम दरखास्त परेमा उक्त दरखास्तलाई कायमै राखी म्याद सकिएको तीन कार्य दिन भित्र पुनः ७ दिनको म्याद दिई कुनै एक राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र कम्पनीको वेवसाइटमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम थप भएको म्याद भित्र थप दरखास्त प्राप्त नभई जम्मा ३ वटा भन्दा कम दरखास्त कायम हुन आएमा समेत छनौटको प्रक्रिया अगाडि वढाउन बाधा पर्ने छैन ।

५. **दरखास्तको सूचनामा खुलाउनु पर्ने कुराहरुः** (१) दफा ४ बमोजिम प्रकाशन गरिने दरखास्त आह्वानको सूचनामा दरखास्तसाथ देहाय बमोजिमका कागजातहरु पेश गर्नु पर्ने कुरा खुलाउनु पर्नेछ :-

(क) दरखास्त पेश गर्ने मिति, समय, स्थान र तरिका,

(ख) उम्मेदवारले पेश गर्ने कागजातको प्रत्येक पानामा सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरी उम्मेदवार आफैले दस्तखत गरी प्रतिलिपि पेश गर्नु पर्ने विषयहरु,

(ग) प्रमुख कार्यकारी अधिकृतको छनौट प्रक्रिया,

(घ) प्रमुख कार्यकारी अधिकृतको पदको कार्य विवरण (Terms of Reference),

(ङ) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक र अन्य सुविधा,

(च) कार्य सम्पादन सम्झौता गर्नु पर्ने विषय,

(छ) खण्ड (ञ) बमोजिम उम्मेदवारले कार्ययोजना बनाउदा दफा ६ मा उल्लेख भए बमोजिम बनाउनु पर्ने कुरा,

(ज) नियमावली नियम ३६ (५) बमोजिम उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र सम्पर्क ठेगाना (इमेल, टेलिफोन, मोबाईल नम्बर, घर र कार्यालयको ठेगाना) सहितको विस्तृत वैयक्तिक विवरण,

(झ) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, व्यवसायिक कार्य अनुभव प्रमाणित हुने कागजातको प्रतिलिपिहरु र सरकारी कोषबाट पारिश्रमिक प्राप्त हुने पदमा कार्यरत उम्मेदवारले सम्बधित संस्थाको सहमतिपत्र,

(ञ) उम्मेदवारले आफ्नो दरखास्त साथ अंग्रेजी टाईम्स न्यू रोमन फन्ट वा नेपाली युनिकोड फन्टमा बाह्र साईजमा पाँचहजार शब्दमा नबढ्ने गरी जगदुल्ला हाईडोपावर कम्पनी लिमिटेडको व्यावसायिक रणनीति सहितको कार्ययोजना नेपाली वा अंग्रेजी भाषा मध्ये कुनै एक भाषामा तयार गरी सोको तीन प्रति सिलवन्दी गरी सहिछाप गरी खामको बाहिर पट्टी मात्र नाम थर ठेगाना लेखि पेस गर्नु पर्ने कुरा,

(ट) अन्य आवश्यक कुरा ।

(२) दरखास्त आह्वानको सूचनामा उपदफा (१) मा उल्लेख भएका विवरण तथा कागजातका अतिरिक्त उम्मेदवारले नियमावलीको अनुसूची-१ बमोजिमको विषयहरु उल्लेख गरी हस्ताक्षर गरी स्वघोषणाको कागज समेत पेश गर्नु पर्ने व्यहोरा समेत खुलाउनु पर्नेछ ।

६. **व्यवसायिक रणनीति सहितको कार्ययोजनाको ढाँचा:** प्रमुख कार्यकारी अधिकृतले व्यवसायिक रणनीति सहितको कार्ययोजनाको ढाँचा तयार गर्दा कार्यविवरण (Term of Reference) का आधारमा देहायका बुँदाहरु समेत समावेश गर्नुपर्नेछ :-

(क) जलविद्युत विकासको अन्तराष्ट्रिय परिदृष्य:

- ऊर्जाको माग तथा आपूर्तिको प्रवृति र अवस्था,
- उर्जा समिश्रणको वर्तमान अवस्था र चुनौतीहरु,
- वातावरण, मौसम परिवर्तन र नविकरणीय उर्जा बीचको अन्तरसम्वन्ध,
- जलविद्युत विकासको आवश्यकता र सम्भावना,
- जलविद्युत विकासको वर्तमान अवस्था र चुनौतीहरु ।

(ख) नेपालको जलविद्युत विकास:

- नेपालको जलविद्युत विकासको आवश्यकता र संम्भावना,
- जलविद्युत विकासको वर्तमान अवस्था,
- उर्जाको माग तथा आपूर्तिको अवस्था,
- उत्पादन, प्रशारण, वितरण र खपतको अवस्था,
- नेपालको जलविद्युत विकासका प्रमुख चुनौतीहरु ।

(ग) जलविद्युत आयोजना व्यवस्थापन:

- आयोजना विकास तथा व्यवस्थापन चक्र,
- आयोजनाको करार व्यवस्थापन, खरिद व्यवस्थापन, निर्माण व्यवस्थापन, वित्तीय व्यवस्थापनका नीतिगत एवम् व्यवहारिक पक्षको विश्लेषण,
- आयोजना विकासमा स्थानीय समुदायको अपेक्षा र भूमिका,
- जलविद्युत आयोजना व्यवस्थापनका प्रमुख चुनौतीहरु ।

(घ) जगदुल्ला जलविद्युत आयोजना विकासको कार्ययोजना:

- जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेडको परिचय र उद्धेश्य,
- कम्पनीले अघि वढाएका आयोजनाहरु र तिनको वर्तमान अवस्था,
- आयोजना तथा कम्पनीका सवल पक्ष, दुर्वल पक्ष, चुनौती र अवसरको विश्लेषण (SWOT Analysis),
- आयोजना विकासका लागि कम्पनीले अवलम्वन गर्नु पर्ने रणनीतिहरु,
- आयोजना विकास तथा व्यवस्थापनको आगामी चार वर्षको मार्ग चित्र र कार्ययोजना,
- चार वर्षपछिको कम्पनीका आयोजनाको वित्तीय प्रशासनिक तथाप्राविधिक अवस्थाको चित्रण ।

७. **मूल्याङ्कनका आधार र सोको अङ्कभार:** (१) छनौट समितिले उम्मेदवारको छनौटका लागि मूल्याङ्कन गर्दा देहायका आधारको कुल अंकभार एकसय कायम गरी देहाय बमोजिमको अंकभारको आधारमा गर्नु पर्नेछ:-

(क) कार्य अनुभव वापत ३० अङ्क
(ख) व्यवसायिक रणनीति सहितको कार्ययोजना वापत २० अङ्क
(ग) कार्य योजना प्रस्तुतीकरण वापत २० अङ्क
(घ) अन्तर्वार्ता वापत ३० अङ्क

(२) कार्य अनुभव वापतको अङ्क दिदा नियमावलीमा तोकिएको न्यूनतम कार्य अनुभव वापत २० अङ्क र पूर्वाधार आयोजनाको निर्माण तथा व्यवस्थापनको क्षेत्रमा प्रत्येक वर्षको कार्य अनुभवका लागि थप २.० (दुइ) अंकका दरले बढीमा ५ वर्षको १० अङ्क समेत गरी जम्मा ३० अङ्क दिनु पर्नेछ । तर एक वर्ष भन्दा कम अवधिको कार्य अनुभव वापत दामासाहीले अंक गणना गरिने छ ।

(३) व्यवसायिक रणनीति सहितको कार्ययोजना वापतको अङ्क दिदा देहाय बमोजिम दिनु पर्नेछ :-

(क) जलविद्युत विकासको अन्तराष्ट्रिय परिदृष्य - ४ अङ्क
(ख) नेपालको जलविद्युत विकास - ४ अङ्क
(ग) जलविद्युत आयोजना व्यवस्थापन - ६ अङ्क
(घ) जगदुल्ला जलविद्युत आयोजना विकासको कार्ययोजना - ६ अङ्क

**(४) प्रस्तुतीकरण वापतको अङ्क दिदा देहाय बमोजिम गरी दिनु पर्नेछ :-**

(क) तर्कपूर्ण प्रस्तुति - ५ अङ्क
(ख) विषय वस्तुको विश्लेषणात्मक बुझाई - ५ अङ्क
(ग) कार्ययोजना प्रतिको स्पष्टता - ५अङ्क
(घ) सञ्चार कौशल (Communication Skill) - ५ अङ्क

**(५) अन्तर्वार्ताको अङ्क दिदा देहाय बमोजिम गरी दिनु पर्नेछ :-**

(क) विषयवस्तुको ज्ञान - १५ अङ्क
(ग) व्यवस्थापन तथा नेतृत्व गर्ने क्षमता - १० अङ्क
(ख) व्यक्तित्व र आत्मविश्वास - ५ अङ्क

(६) छनौट हुने उम्मेदवारको मूल्याङ्कन सम्बन्धी अन्य विषयहरु छनौट समिति आफैले निर्धारण गर्न सक्नेछ ।

८. **<u>छनौट प्रकृया:</u>** (१) दफा ४ बमोजिम कम्पनीमा प्राप्त कागजात दरखास्त दिने म्याद समाप्त भएको ३ कार्य दिनभित्र छनौट समितिमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कम्पनीमा प्राप्त दरखास्त तथा कागजातहरु छनौट समितिमा पठाउदा उम्मेदवारले सिलबन्दी गरी पेश गरेको कार्ययोजना समेत पठाउनु पर्नेछ ।

(३) छनौट समितिले उम्मेदवारको शैक्षिक योग्यता र अनुभवका आधारमा छनौट सूची तयार गरी रित पुगेका उम्मेदवारको व्यवसायिक रणनीति सहितको कार्ययोजना मात्र परीक्षण गराउनु पर्नेछ ।

(४) व्यवसायिक रणनीति सहितको कार्ययोजना परीक्षण गराउँदा २ जना सम्बन्धित विषय विज्ञबाट गराउनु पर्नेछ । यसरी परीक्षण गराउँदा उम्मेदवारको परिचय नखुल्ने गरी ७ दिन भित्र छुट्टाछुट्टै कोडिङ्ग समेत गरी गोप्य रुपमा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित विज्ञहरुको परीक्षणबाट प्राप्त अङ्कको आधारमा औसत अङ्क निकाली त्यसलाई व्यवसायिक रणनीति सहितको कार्ययोजना वापतको प्राप्ताङ्कको रुपमा तालिका बनाई गणना गर्नु पर्नेछ । त्यसरी गणना गर्दा ५० प्रतिशत वा सो भन्दा बढी अङ्क ल्याउने उम्मेदवारहरुको सूची तयार गरी प्राप्ताङ्क तालिका सम्बन्धी कागजात शिलबन्दी गर्नु पर्नेछ । यस्तो प्राप्ताङ्क उल्लेख भएको कागजात अन्तर्वार्ता लिई सके पछि अन्तिम अङ्क गणना गर्दा छनौट समितिले तोकेको कर्मचारीले मात्र खोल्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सूचीमा नपरेका उम्मेदवारलाई त्यस पछिका छनौट प्रक्रिया समावेश गर्न सकिने छैन ।

(७) उपदफा (५) बमोजिमको सूचीमा परेका उम्मेदवारहरुलाई निजहरुले पेश गरेको व्यवसायिक रणनीति सहितको कार्ययोजनाको प्रस्तुती र अन्तर्वार्ताको लागि मिति, समय र स्थान तोकी ७ दिनको सूचना दिनु पर्नेछ ।

(८) उम्मेदवारले प्रस्तुतीकरण तथा अन्तर्वार्तामा सहभागी हुन आउदा आफ्नो शैक्षिक योग्यता, कार्य अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका कागजातहरुको सक्कल प्रति साथै लिई आउनु पर्नेछ ।

(९) छनौट समितिका सदस्यहरुले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-१ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको प्रस्तुतीकरणको मूल्याङ्कन गरी दस्तखत गरी शिलबन्दी गर्नु पर्नेछ ।

(१०) छनौट समितिले उपदफा (५) बमोजिमको सूचीमा परेका उम्मेदवारको अन्तर्वार्ता लिदा दफा ७ को उपदफा (५) बमोजिमका आधारमा मूल्याङ्कन गरी प्रत्येक सदस्यले अलग अलग रुपमा एकले दिएको अङ्क अर्कोले नदेख्ने गरी अनुसूची-२ बमोजिमको ढाँचामा प्रत्येक उम्मेदवारको अन्तर्वार्ताको मूल्याङ्कन गरी दस्तखत सहित शिलबन्दी गर्नु पर्नेछ ।

(११) प्रस्तुतीकरण र अन्तर्वार्ता वापतको अङ्क गणना गर्दा सवै सदस्यहरुले दिएको अङ्क जोडी सोको औषत निकाली प्राप्ताङ्क कायम गर्नु पर्नेछ ।

(१२) छनौट समितिले कार्य अनुभव, व्यवसायिक रणनीति सहितको कार्ययोजना, प्रस्तुतीकरण र अन्तर्वार्ता समेतको प्राप्ताङ्क जोडी तालिका बनाई सोको आधारमा सवैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवार छनौट गरी नियुक्तिको लागि समिति समक्ष सिफारिस गर्नेछ । यसरी बढी अङ्क प्राप्त गर्ने एक भन्दा बढी उम्मेदरवार भएमा बढी अनुभव भएकालाई सिफारिस गर्नु पर्नेछ ।

९. **विज्ञको सहयोग लिन सकिने** : यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृत छनौट कार्यमा विज्ञको सहयोग लिन आवश्यक ठानेमा छनौटका सबै चरणमा वा कुनै खास चरणमा छनौट समितिले विज्ञ समक्ष अनुरोध गर्न सक्नेछ ।

१०. **छनौट सम्बन्धी कागजात गोप्य रहने** : यस कार्यविधि बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धमा, व्यवसायिक रणनीति सहितको कार्ययोजना, सोको परीक्षण, विज्ञ छनौट, अन्तर्वार्तामा प्राप्त अंक तथा अङ्क गणना सम्बन्धी कागजात गोप्य रहने छन् ।

## अनुसूची-१

### (दफा ८ को उपदफा (९) सँग सम्बन्धित)

### प्रस्तुतीकरणको मूल्याङ्कन फाराम

| क्र. सं. | उम्मेदवारको नाम थर | प्राप्ताङ्क (२० अङ्क) | | | | जम्मा प्राप्ताङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | तर्कपूर्ण प्रस्तुति (५अङ्क) | विषय वस्तुको विश्लेषणात्मक बुझाई (५अङ्क) | कार्ययोजना प्रतिको स्पष्टता (५अङ्क) | सञ्चार कौशल (कम्यूनिकेशन स्किल) (५अङ्क) | अङ्कमा | अक्षरमा | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**उम्मेदवारको संख्याः** **प्रस्तुतीकरण मितिः**

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजू, देवर, जेठानी, देउरानी, आमाजू, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाई भाई, भतिजा-भतिजी, भाञ्जा-भाञ्जी, भिनाजू-ज्वाँइ, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायतको नजिकको नाता पर्दैन । निजसँग मेरो लेनदेन झैझगडा रिसईवी इत्यादी केही छैन ।

मूल्याङ्कनकर्ताको दस्तखतः
नाम, थरः
दर्जाः
मितिः

**द्रष्टव्यः** १. प्रस्तुतीकरण लिइन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार छनौट समितिका अध्यक्ष तथा सदस्य वा विज्ञ सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा रिस ईवी इत्यादी केही भएमा मूल्याङ्कनकर्ताले उक्त समूहको सो दिनको मूल्याङ्कनमा भाग लिनु हुँदैन । त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ ।

२. मूल्याङ्कनकर्ताले पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ । यसरी ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ । कारण नखुलाई ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ ।

## अनुसूची-२

### (दफा ८ को उपदफा (१०) सँग सम्बन्धित)

### अन्तर्वार्ता मूल्याङ्कन फाराम

<table>
<tr><td colspan="2" rowspan="2">क.सं.<br>उम्मेदवारको नामथर</td><td colspan="3">प्राप्ताङ्क (३० अङ्क)</td><td colspan="2">जम्मा प्राप्ताङ्क</td><td>कैफियत</td></tr>
<tr><td>विषयवस्तुको ज्ञान (१५ अङ्क)</td><td>व्यवस्थापन र नेतृत्व गर्ने क्षमता (१० अङ्क)</td><td>व्यक्तित्व र आत्मविश्वास (५ अङ्क)</td><td>अङ्कमा</td><td>अक्षरमा</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

उम्मेदवारको संख्या: अन्तर्वार्ता मिति:

उपरोक्त उम्मेदवारहरु कोही पनि मेरो बाबु, आमा, पति, पत्नी तथा छोरा-छोरी, दाजु-भाई, दिदी-बहिनी, भाउजू-बुहारी, जेठाजु, देवर, जेठानी, देउरानी, आमाजु, नन्द, काका-काकी, ठूलोबुबा-ठूलीआमा, सानोबुबा-सानीआमा, साढु दाई भाई, भतिजा-भतिजी, भान्जा-भान्जी, भिनाजु-ज्वाँइ, मामा-माइज्यु, फुपू-फुपाजु, साला-साली र तिनका छोराछोरी लगायत नजिकको नाता पर्दैन। निजसँग मेरो लेनदेन झैझगडा रिस ईवी इत्यादी केही छैन ।

अन्तर्वार्ताकर्ताको दस्तखत:

नाम, थर:

दर्जा:

द्रष्टव्य:

१. अन्तर्वार्ता लिन लागेको पदको विज्ञापनमा कुनै उम्मेदवार अन्तर्वार्ता समितिका अध्यक्ष तथा सदस्यको माथि उल्लिखित कुनै नाता पर्ने भएमा वा निजसँग लेनदेन झैझगडा रिसईवी इत्यादी केही भएमा त्यस्ता अन्तर्वार्ताकर्ताले त्यस्तो अन्तर्वार्तामा भाग लिनु हुँदैन।त्यसरी भाग लिएको भए निजले दिएको अङ्क बाहेक गरी बाँकी सदस्यले दिएको अङ्क जोडी औषत निकाली प्राप्ताङ्क कायम गरिनेछ ।

२. मूल्याङ्कनकर्ताले अन्तर्वार्ताको पूर्णाङ्कको ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिनु परेमा कारण खुलाउनु पर्नेछ । यसरी ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएकोमा बहुमत सदस्यले दिएमा मात्र मान्य हुनेछ । कारण नखुलाइ ४०% भन्दा कम र ७०% भन्दा बढी अङ्क दिएमा घटीमा ४०% र बढीमा ७०% अङ्क कायम गरी गणना गरिनेछ ।